# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, कार्तिक ०१ गते, २०८१ साल (अतिरिक्ताङ्क १७

## भाग १

### बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### हेटौंडा, नेपाल

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८१ सालको ऐन नं. ०५

## प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** हस्तकलालाई बागमती प्रदेशको अर्थतन्त्रको प्रमुख क्षेत्रको रूपमा विकसित गरी स्वदेशी पुँजी, स्थानीय सीप तथा कला र स्रोतको अधिकतम परिचालन गराई स्वदेशमा निर्मित हस्तकलाका वस्तुहरुको पहिचानलाई विश्व बजारमा स्थापित गर्न, स्वदेशमा समेत हस्तकला सामग्रीहरुको प्रयोगमा वृद्धि गर्न, छरिएर रहेका लघु तथा घरेलु लगायतका समग्रहस्तकला उद्योगहरुलाई एकीकृत गरी उत्पादन र हस्तकला उद्योगहरुको उत्पादकत्व अभिवृद्धि गर्न बागमती प्रदेशभित्र हस्तकलाग्राम स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "घरेलु उद्योग" भन्नाले बागमती प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोके बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोके बमोजिम सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले दफा ६ बमोजिमको “बागमती प्रदेश हस्तकला परिषद्" सम्झनु पर्छ।

(ङ) "पूर्वाधार सुविधा" भन्नाले हस्तकलाग्राम स्थापना, विकास, सञ्चालन र संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक सडक, पानी, ढल, विद्युत प्रसारण लाइन, प्रविधि जस्ता सुविधा सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "लघुउद्यम" भन्नाले बागमती प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ।

(ज) "विशेष वस्तु उत्पादन क्षेत्र" भन्नाले एकै प्रकृतिको वस्तु उत्पादन गर्ने उद्योगहरु मात्र रहने गरी स्थापना भएको हस्तकलाग्रामभित्रको क्षेत्र सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले दफा ३ को उपदफा (२) बमोजिमको सञ्चालन समिति सम्झनु पर्छ।

(ञ) "सामान्य सुविधा" भन्नाले हस्तकलाग्राम भित्रका उद्योग तथा निकायहरुले सामूहिक रुपमा प्रयोग गर्ने सुविधा सम्झनु पर्छ।

(ट) "हस्तकलाग्राम" भन्नाले प्रचलित प्रादेशिक कानून बमोजिम मौलिकतामा आधारित हस्तकला सामाग्री उत्पादनमा संलग्न उद्योग व्यवसायहरुको स्थापना तथा एकीकृत व्यवस्थापनको लागि आवश्यक न्यूनतम सामान्य सुविधा तथा पूर्वाधार सहित प्रदेशभित्र हस्तकला उत्पादनको दृष्टिकोणबाट महत्व राख्ने कुनै विशेष स्थान वा विशेष सामान उत्पादन गर्नलाई बागमती प्रदेश सरकारबाट घोषणा भएको क्षेत्र सम्झनु पर्छ।

(ठ) "हस्तकला उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भइ हस्तकलाग्रामभित्र वा बाहिर स्थापना तथा सञ्चालन हुने उद्योगलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## हस्तकलाग्राम वर्गीकरण, घोषणा तथा स्थापना सम्बन्धी व्यवस्था

३. **हस्तकलाग्रामको वर्गीकरणः** (१) यस ऐनको प्रयोजनको लागि हस्तकलाग्रामलाई देहायबमोजिम वर्गीकरण गरिएको छः-

(क) हस्तकला उत्पादनको दृष्टिकोणबाट विशेष महत्व राख्ने कुनै स्थान,

(ख) विशेष वस्तु उत्पादन क्षेत्र,

(ग) प्रदेश सरकारबाट घोषित हस्तकलाग्राम क्षेत्रभित्र स्थापना तथा सञ्चालन हुने उद्योगबाट हुने विशेष वस्तु उत्पादन क्षेत्र।

(२) हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय सरकारको सहभागिता हुने गरी तोकिए बमोजिमको एक सञ्चालक समिति रहनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

४. **हस्तकलाग्राम घोषणा गर्नेः** (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशभित्र दफा ३ बमोजिम कुनै स्थान, भाग वा क्षेत्रलाई तोकिए बमोजिमको मापदण्डको अधीनमा रही हस्तकलाग्राम घोषणा गर्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित हस्तकलाग्रामलाई आवश्यक पूर्वाधार विकासका साथै तोकिए बमोजिमको सेवा सुविधा तथा सहुलियत उपलब्ध गराउन सकिनेछ।

५. **हस्तकलाग्रामको लागि मापदण्ड निर्धारणः** दफा ३ को उपदफा (१) मा उल्लिखित हस्तकलाग्रामको लागि जग्गा छनोट, जग्गाको उपयोग, पूर्वाधार निर्माण तथा उद्योग दर्ताका न्यूनतम मापदण्ड तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## हस्तकला परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

६. **हस्तकला परिषद् सम्बन्धी व्यवस्थाः** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियम बमोजिम प्रदेशभित्रका समग्र हस्तकलाग्राम वा क्षेत्रको विकास तथा प्रवर्द्धन सम्बन्धी विषयमा प्रदेश सरकारलाई

नीतिगत तथा कार्यगत सुझाव तथा परामर्श दिनका लागि देहायका अध्यक्ष र सदस्य रहेको बागमती प्रदेश हस्तकला परिषद् गठन हुनेछः-

(क) मन्त्री, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय -अध्यक्ष

(ख) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(घ) सचिव, श्रम, रोजगार तथा यातायात मन्त्रालय -सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(छ) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय -सदस्य

(ज) अध्यक्ष, नेपाल हस्तकला महासंघ केन्द्रीय समिति -सदस्य

(झ) अध्यक्ष बागमती प्रदेश हस्तकला संघ -सदस्य

(ञ) हस्तकलासँग सम्बन्धित कालिगढ विज्ञहरूमध्येबाट कम्तीमा दुईजना महिला सहित तीनजना -सदस्य

(ट) प्रदेशभित्रका स्थानीय तहको प्रमुख, अध्यक्ष वा उपाध्यक्ष/उपप्रमुख मध्येबाट दुईजना -सदस्य

(ठ) सचिव, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ञ) र (ट) बमोजिमको सदस्य मन्त्रालयले मनोनयन गर्नेछ।

(३) उपदफा (२) अनुसार मनोनित सदस्यको कार्यकाल तीन वर्षको हुनेछ।

७. **परिषद्को काम, कर्तव्य र अधिकारः** (१) परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) हस्तकला उत्पादनको क्षेत्रमा उद्योग व्यवसाय स्थापनाको लागि प्रोत्साहन गर्न हस्तकलाग्राम विकास, विस्तार तथा प्रवर्द्धन सम्बन्धी नीतिगत कार्य गर्ने,

(ख) प्रदेशभित्र हस्तकलाग्राम स्थापना गर्न सकिने क्षेत्र तथा स्थानहरुको पहिचान गर्ने,

(ग) स्थानीय सरकार तथा निजी क्षेत्रबाट हस्तकलाग्राम स्थापना गर्न प्राप्त भएको प्रस्ताव स्वीकृतिका लागि सिफारिस गर्ने,

(घ) हस्तकलाका सामानहरुको प्रयोग तथा विस्तार सम्बन्धी नीति अवलम्बन गर्ने गराउने,

(ङ) हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धी निर्देशिका, कार्यविधि तथा मापदण्ड तयारी सम्बन्धी सुझाव दिने,

(च) शैक्षिक क्षेत्रमा हस्तकला विधाको पाठ्यक्रम निर्माण तथा अध्यापनका लागि पहल गर्ने एवम् शैक्षिक संस्था खोल्न प्रोत्साहन गर्ने र आवश्यक्तानुसार सहयोग र सहकार्य समेत गर्ने,

(छ) उत्पादित हस्तकलाका सामानहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बजारीकरण तथा प्रवर्द्धन गर्ने गराउने,

(ज) उत्पादित हस्तकला सामग्रीहरुको ब्रान्डीङ गर्न आवश्यक व्यवस्था गर्ने गराउने,

(झ) उत्पादित हस्तकला सामग्रीहरुको स्थानीय रुपमा प्रवर्द्धन गर्न कोसेली घरहरुको व्यवस्था गर्नका लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(ञ) हस्तकला उत्पादनको लागि आवश्यक स्वदेशमा उपलब्ध कच्चा पदार्थको लागि क्षेत्र वा भूगोल तोक्न अथवा उपलब्ध कच्चा पदार्थ उद्यमीलाई आपूर्ति गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ट) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने।

(२) परिषद्को सचिवालय मन्त्रालयमा रहने छ।

८. **<u>परिषद्को बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) परिषद्को बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ र विशेष अवस्थामा अध्यक्षले सदस्य सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) बैठक बस्ने कम्तीमा चौबिस घन्टा अगावै परिषद्को सदस्य सचिवले बैठकमा छलफल हुने विषयसूची सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ। परिषद्को बैठकमा हस्तकला विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) परिषद्मा कूल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ। त्यसरी सर्वसम्मति कायम हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-४

## स्थान छनोट र हस्तकलाग्राम घोषणा सम्बन्धी व्यवस्था

९. **स्थान छनोट तथा घोषणाः** (१) परिषद्ले आफैं वा स्थानीय तह वा निजी क्षेत्र वा स्थानीय समुदाय (पिपिसिपि) ले हस्तकलाग्राम स्थापनाको लागि कुनै प्रस्ताव पेस गरेमा सो प्रस्तावलाई मन्त्रालयले प्रारम्भिक छलफल गराई सो प्रस्ताव अनुसारको हस्तकलाग्राम स्थापना तथा सञ्चालन गर्न सकिने अवस्था विद्यमान रहेमा परिषद्को

बैठकबाट पारित गरी हस्तकलाग्राम घोषणाका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(२) परिषद्ले दफा ४ बमोजिम घोषणा गरिने हस्तकलाग्राम स्थापनाको लागि स्थान छनोट, सम्भाव्यता अध्ययन, विस्तृत योजना प्रतिवेदन (डिपिआर), जग्गाको लगत तथा सञ्चालन व्यवस्थापन विधि तयार गर्ने कार्यका साथै अन्य आवश्यक कार्यका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

## परिच्छेद-५

## <u>हस्तकलाग्राम स्थापना, निर्माण तथा विकास</u>

**१०. <u>हस्तकलाग्राम स्थापना र विकासका लागि समझदारी कायम गर्न सकिनेः</u>** (१) हस्तकलाग्राम घोषणा पश्चात हस्तकलाग्राम स्थापना सम्बन्धी प्रारम्भिक कार्य सम्बन्धित सञ्चालक समितिले सम्पन्न गरी मन्त्रालय मार्फत परिषद् समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको प्रतिवेदनको आधारमा परिषद्ले समितिलाई दिएको आवश्यक निर्देशन अनुसार समितिले कार्य अगाडि बढाउनेछ।

(३) हस्तकलाग्राम क्षेत्रको योजना, पूर्वाधार निर्माण, लगानी, प्राविधिक सहयोग, जनशक्ति विकास एवम् हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापनमा सहयोग र सहकार्यको आवश्यकता देखिएमा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्रका नेपाल हस्तकला महासंघ तथा अन्य सरोकारवाला निकायसँग छलफल गर्ने तथा आवश्यक समझदारी कायम गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(४) यस दफा बमोजिम तयार गर्नु पर्ने हस्तकलाग्रामको स्थापनाको पूर्व तयारीहरूमा लाग्ने खर्च सम्बन्धित स्थानीय तहको समन्वयमा सार्वजनिक, निजी तथा समुदायको सहभागिता (पिपिसिपि) बाट व्यवस्थापन गर्नु पर्नेछ। त्यसरी गरिने खर्चको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**११. <u>हस्तकलाग्राम निर्माण तथा विकासः</u>** (१) दफा ३ बमोजिम वर्गीकरण भएको हस्तकलाग्राम सम्बन्धित स्थानीय तहले मन्त्रालय समक्ष पेस गरी उक्त प्रतिवेदनको आधारमा अध्यक्षसँग समन्वय गरी हस्तकलाग्राम निर्माण तथा विकास कार्य गर्नेछ।

(२) स्थानीय तहबाट हस्तकलाग्रामको लागि आवश्यक पूर्वाधार निर्माण तथा विकास कार्य गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम तयार गर्नु पर्ने हस्तकलाग्रामको पूर्व तयारी तथा निर्माणमा लाग्ने खर्च स्थानीय तहको समन्वयमा सार्वजनिक, निजी तथा समुदायको सहभागिता (पिपिसिपि) मा व्यवस्थापन गर्नु पर्नेछ।

**१२. <u>हस्तकलाग्राम निर्माण तथा विकासमा लागत सहभागिताः</u>** (१) दफा ११ बमोजिम हस्तकलाग्राम निर्माण तथा विकासका लागि आवश्यक पर्ने लागतमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सहकारी, वित्तीय तथा निजी क्षेत्रका उद्यमीको सहभागिता हुन सक्नेछ।

(२) हस्तकलाग्राम विकास र निर्माणका लागि मन्त्रालयले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्नेछ।

**१३. <u>निजी क्षेत्रले हस्तकलाग्राम निर्माण तथा विकास गर्न सक्नेः</u>** (१) निजी क्षेत्रका हस्तकला उद्योगी व्यवसायीहरु वा निजहरुको प्रतिनिधिमूलक संस्थाले परिषद्बाट तोकिए बमोजिम प्रस्ताव पारित गराई सम्बन्धित स्थानीय तहको समन्वयमा यस ऐनको अधीनमा रही हस्तकलाग्राम निर्माण तथा विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रको लगानीमा निर्माण तथा विकास भएको हस्तकलाग्रामलाई सम्बन्धित स्थानीय तहले यस ऐन तथा अन्य कार्यविधिमा तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।

**१४. <u>हस्तकलाग्राम विकास निर्माण गर्ने तरिकाः</u>** (१) हस्तकलाग्रामको विकास निर्माण देहायका कुनै तरिकाबाट गर्न सकिनेछः-

(क) हस्तकलाग्रामको पूर्वाधार लगायतका सम्पूर्ण विकास निर्माण तथा सञ्चालन व्यवस्थापन सम्बन्धी कार्य प्रदेश सरकार र स्थानीय तहले संयुक्त रुपमा गर्ने गरी,

(ख) विकास, निर्माण तथा व्यवस्थापन सम्बन्धी अन्य कार्य स्थानीय तह आफैले गर्ने गरी,

(ग) सार्वजनिक, निजी तथा समुदायको सहभागिता (पिपिसिपि) बाट संयुक्त रुपमा विकास, निर्माण तथा व्यवस्थापन गर्ने गरी,

(घ) निजी क्षेत्र आफैंले जग्गा व्यवस्था गरी विकास निर्माण, सञ्चालन तथा व्यवस्थापन समेत आफैं गर्ने

गरी हस्तकलाग्राम स्थापना गर्न चाहेमा प्रदेश सरकारले परिषद्को सिफारिसमा स्थानीय तहसँगको समन्वयमा तोकिए बमोजिमको मापदण्ड पालना गर्ने गरी निश्चित सर्त र प्रक्रियाका आधारमा अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट स्थापना हुने हस्तकलाग्राममा प्रदेश सरकार वा स्थानीय सरकारले तोकिए बमोजिमको आवश्यक सेवा सुविधा प्रदान गर्न सक्नेछ।

(३) हस्तकलाग्राम विकास गर्दा देहायका वैकल्पिक तरिकाबाट उपयुक्त तरिका छनोट गर्न सकिने छः-

(क) स्थानीय तहले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर,

(ख) स्थानीय तह तथा निजी क्षेत्रबाट संयुक्त लगानी गरेर,

(ग) लागत सहभागिताको अनुपातमा प्रतिफल वितरणको व्यवस्था गरेर,

(घ) तोकिए बमोजिमको अन्य कुनै माध्यम अपनाएर।

(४) स्थानीय तहले निजी क्षेत्रको संयुक्त सहभागितामा हस्तकलाग्राम विकास गर्ने तरिका छनोट गर्दा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) हस्तकलाग्राम स्थापना गर्ने स्थान तथा क्षेत्रफल सहितको जग्गाको नाप नक्सा र जग्गाको विवरण,

(ख) स्थानीय तह र निजी क्षेत्रको संयुक्त सहभागिताको तरिका,

(ग) हस्तकलाग्रामको विकासका लागि स्थानीय तह र निजी क्षेत्रले गर्ने लगानीको अनुमानित रकम र लगानीको अंश,

(घ) स्थानीय तह र निजी क्षेत्रबीच हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापनबाट हुने आयको बाँडफाँटको तरिका,

(ङ) हस्तकलाग्राममा सञ्चालन हुन सक्ने उद्योगको प्रकृति र उद्योगको अनुमानित संख्या,

(च) हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापन गर्ने तरिका,

(छ) तोकिए बमोजिमको अन्य विवरण।

(५) स्थानीय तह आफैंले वा निजी क्षेत्रसँग सहकार्य गरी उत्पादनको दृष्टिकोणबाट विशेष महत्वको स्थान वा वस्तु उत्पादन वा तुलनात्मक लाभको आधारमा कुनै विशेष प्रकारको सामाग्री मात्र उत्पादन गर्न तोकिए बमोजिम हस्तकलाग्राम स्थापना, सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

**१५. <u>हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापनः</u>** (१) हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापन हस्तकला परिषद्ले दफा ३ को उपदफा (२) बमोजिम गठन गरेको सञ्चालक समितिले गर्नेछ।

(२) समितिले हस्तकलाग्रामभित्र उद्योग स्थापनाका लागि छुट्याइएको ब्लक प्राथमिकताका आधारमा उद्योग स्थापना गर्न लिजमा उपलब्ध गराउनेछ।

(३) लिज भाडा परिषद्को निर्णय बमोजिम हुनेछ।

(४) हस्तकलाग्रामभित्र स्थापना हुने उद्योगका लागि उपलब्ध हुने सेवा र सुविधा प्रदेश ऐन, नियम बमोजिम स्थानीय तहले उपलब्ध गराउनेछ।

(५) हस्तकला उद्योगलाई आवश्यक पर्ने दक्ष जनशक्ति वा कामदार आपूर्ति गर्दा उपलब्ध भएसम्म सम्बन्धित स्थानीयलाई प्राथमिकता दिइने छ।

(६) हस्तकलाग्रामभित्र स्थानीय कच्चा पदार्थ, सीप, प्रविधि र पूँजीमा आधारित उद्योगलाई प्राथमिकता दिनु पर्नेछ।

(७) प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग हस्तकलाग्रामभित्र सञ्चालन गर्न सम्बन्धित स्थानीय तहको सिफारिस लिनु पर्नेछ।

(८) नेपाली मौलिकता भएको हस्तकलालाई उद्यमी पुस्तान्तरणको लागि विशेष ग्राह्यता दिने व्यवस्था गरिने छ।

१६. **हस्तकलाग्रामभित्र स्थापना हुने उद्योगको प्राथमिकताः** (१) प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम वर्गीकृत हस्तकला सामग्री उत्पादनमा संलग्न उद्योग मात्र हस्तकलाग्राममा स्थापना तथा सञ्चालन गर्न पाइनेछ।

(२) हस्तकलाग्रामभित्र उद्योग स्थापनाका लागि सामान्यतः देहायका आधारमा प्राथमिकता दिइनेछः-

(क) हात वा खुट्टाले चलाउने र अर्ध स्वचालित तान

(ख) परम्परागत कलामा आधारित वस्तु

(ग) परम्परागत मूर्तिकला

(घ) तामा, पित्तल, ढलोट, काँस र जर्मनसिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान

(ङ) फलामबाट बनेका हस्तनिर्मित भाँडावर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु

(च) सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडावर्तनहरु

(छ) स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग

(ज) सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो, सिस्नो, केराको रेसा आदि प्राकृतिक रेशामा आधारित उद्योग,

(झ) पत्थरकला (ढुङ्गा कुँदेर बनाइएका सामानहरु)

(ञ) पौभा, थाङ्का चित्र, पुँ कला र अन्य परम्परागत चित्रकला

(ट) मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना

(ठ) परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु

(ड) काठ, माटो, प्रस्तर ढुङ्गा, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा

(ढ) बेत, बास, निगालो आदीबाट निर्मित हस्तकलाका सामग्रीहरू

(ण) पराल, छवाली, मकैको खोस्टा, थाकलबाट निर्मित हस्तकलाका सामाग्रीहरू।

(३) उपदफा (२) मा उल्लेख भएका बाहेक अन्य हस्तकलाका सामाग्रीहरुलाई समेत तोकिए बमोजिम सूचीकृत गर्न सकिनेछ।

## परिच्छेद-६

## हस्तकला उद्योगलाई उपलब्ध गराउने सेवा तथा सुविधा सम्बन्धी व्यवस्था

**१७. जग्गा भाडामा छुटः** हस्तकलाग्राममा सञ्चालन हुने उद्योगलाई प्रचलित कानूनको अधीनमा रही सम्बन्धित स्थानीय तहको सिफारिसमा परिषद्ले जग्गा भाडामा तोकिए बमोजिम छुट दिन सक्नेछ।

१८. **उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियतः** (१) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले प्रदान गरेका आयकर, मूल्य अभिवृद्धि कर र भन्सार सम्बन्धी छुट, सुविधा वा सहुलियत, लघु उद्यमको लागि अन्य सुविधा एवम् सहुलियत तथा महिला उद्यमी एवम् अपाङ्गता भएका व्यक्तिहरूका लागि थप सुविधा प्रदान गर्न प्रदेश तथा नेपाल सरकारले गर्ने विशेष व्यवस्था हस्तकलाग्राममा स्थापना हुने उद्योगले समेत प्राप्त गर्न सक्ने गरी परिषद्ले सिफारिस गर्न सक्नेछ।

तर यसरी सिफारिस गर्दा दोहोरो सुविधा पाउने गरी सिफारिस गर्न पाइने छैन।

(२) प्रदेश सरकार तथा स्थानीय तहले प्रचलित कानून बमोजिम आफ्नो क्षेत्राधिकारभित्र पर्ने करका सम्बन्धमा प्रदेश तथा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी हस्तकलाग्रामभित्र सञ्चालन हुने विशेष प्रकृतिका उद्योगलाई आवश्यक छुट दिन सक्नेछ।

१९. **सम्झौता गर्न सक्नेः** हस्तकलाग्राममा स्थापना भएको कुनै उद्योगले प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानसँग सम्झौता गरी वस्तुको उत्पादन वा सेवा प्रवाह गर्न सक्नेछ।

तर स्थापित उद्योगले कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई जग्गा वा उद्योग लिजमा सञ्चालन गर्न दिने गरी हस्तान्तरण गर्न सक्ने छैन।

## परिच्छेद-७

## विविध

२०. **वातावरणीय परीक्षण गर्नु पर्ने:** हस्तकलाग्राम स्थापना तथा सञ्चालन गर्दा वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ।

२१. **जग्गाको प्रयोग:** (१) उद्योग सञ्चालनका लागि सम्झौता भएको दुई वर्षभित्र भाडामा लिएको जग्गा प्रयोगमा ल्याउनु पर्नेछ। त्यसरी प्रयोगमा नल्याएमा सम्बन्धित सञ्चालक समितिले उक्त जग्गा अर्को उद्योगीलाई दिन सक्नेछ।

(२) हस्तकलाग्रामभित्रका ब्लकलाई उद्यमीले जुन उद्योग स्थापना गर्न भाडामा लिएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ।

(३) हस्तकलाग्रामभित्रका ब्लकलाई उद्योगीले खण्डीकृत गर्न वा अर्को उद्योग राख्न वा अरु कसैलाई उद्योग सञ्चालन गर्न दिन सक्ने छैन।

(४) सम्बन्धित उद्योगले भाडामा लिएको जग्गा सम्झौता बमोजिम प्रयोगमा नल्याएमा सञ्चालक समितिले तोकिए बमोजिम कारबाही गर्न सक्नेछ।

२२. **सम्झौताको पालना:** (१) हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा भएका सम्झौतालाई उद्योगीले पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता पालना गरेको नपाइएमा पालनाका लागि पैंतिस दिनको समय दिनु पर्नेछ। सो बमोजिम सुधार नगरेमा समितिले सम्झौता रद्द गर्न सक्नेछ।

२३. **गुनासो सुनुवाईः** (१) गुनासो सुनुवाईका लागि सम्बन्धित सञ्चालक समितिले गुनासो सुन्ने अधिकारी तोकी त्यसको सूचना वा जानकारी सरोकारवालालाई दिने व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा सम्बन्धित समितिले गुनासो व्यवस्थापन गर्नु पर्नेछ।

२४. **सूचना प्रविधिको प्रयोगः** हस्तकलाग्राम व्यवस्थापनलाई पारदर्शी र उत्तरदायी बनाउन सूचना प्रविधिको प्रयोग गर्नु पर्नेछ।

२५. **श्रम व्यवस्थापनः** हस्तकलाग्रामभित्र सञ्चालनमा रहने उद्योगहरुमा श्रम व्यवस्थापन प्रचलित कानून बमोजिम गरिनेछ।

२६. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२७. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः** प्रदेश सरकारले यस ऐन बमोजिम हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धी काम कारवाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

प्रमाणीकरण मितिः २०८१।०७।०१

**आज्ञाले,**
**पूर्ण बहादुर दर्जी**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू.१०।-